



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक ९ गते सोमबार ❑ 26 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## कांग्रेसमा व्यापक एकता भएको छ, बाँकीलाई पनि एकताबद्ध गर्छौं: महामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
दमौली, ८ कार्तिक

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले कांग्रेसमा व्यापक एकता कायम भएको र बाँकी रहेका सबैलाई पनि एकताबद्ध गर्न आफूहरू तयार रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस शुक्लागण्डकी नगर समितिले आइतबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा महामन्त्री पौडेलले कांग्रेसलाई रुपान्तरण भएको अनुभूति जनतामाझ दिलाउने बताउनुभयो। उहाँले सबैपक्षसँग सहमति र सहकार्य गर्दै देशलाई समृद्ध बनाउने लक्ष्यमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो।



"बाटो फरक भए पनि हाम्रो गन्तव्य एउटै हो", उहाँले भन्नुभयो, "कांग्रेससँग रिसाएका जनतालाई फेरि आकर्षित गर्न आवश्यक योजना ल्याउँछौं।" महामन्त्री पौडेलले पार्टीभित्र एकताको प्रयास जारी रहने भए पनि एउटै विषयमा अल्झिएर बस्न नहुने धारणा राख्नुभयो। कांग्रेसलाई थप सुदृढ र जनताप्रति उत्तरदायी बनाउँदै रुपान्तरणको अनुभूति दिलाउने उहाँको भनाइ थियो।

सरकारको स्थिरताबारे पौडेलले वर्तमान सरकार पाँच वर्षसम्म चल्नुपर्ने बताउनुभयो। सरकारको स्थिरताका पक्षमा कांग्रेस रहेको उल्लेख गर्दै उहाँले सरकारले गलत काम गरेमा भने कांग्रेसले निरन्तर खबरदारी गर्ने स्पष्ट पार्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य दीपक भट्टराई, निवर्तमान केन्द्रीय सदस्य ध्रुव वाग्ले, निवर्तमान जिल्ला सभापति वैकुण्ठ न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य श्यामराजा महत, राष्ट्रिय स्वतन्त्र पार्टी गण्डकी प्रदेश सहमहामन्त्री शङ्कर पन्तलगायतले चाडपर्वले एकता र सद्भावको भावना विकास गर्ने बताउनुभयो।

## कास्कीमा पशुमा पूर्ण खोप कार्यक्रम अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

पशुमा महामारीजन्य रोगको सङ्क्रमण र जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालित पशुमा पूर्ण खोप कार्यक्रम कास्कीमा प्रभावकारी देखिएको छ।

विशेषगरी पशुजन्य रोगको रोकथाम तथा न्यूनीकरण गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले विसं २०७६ देखि जिल्लामा पशुमा पूर्ण खोप कार्यक्रम कार्यान्वयन गरिरहेको छ। जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा पशुमा दुई लाख १२ हजारभन्दा बढी मात्रा खोप लगाइएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका पाँचवटै स्थानीय तहका ३२ हजार ७९४ पशुपालक घरपरिवारलाई समेटेर दुई लाख १२ हजार ४७० मात्रा खोप लगाइएको हो।

खोप कार्यक्रमबाट खोरेत, पिपिआर, लम्पी स्किन, रेबिजलगायत पशुमा लाग्ने रोगको जोखिम न्यूनीकरणमा सहयोग पुगेको कार्यालयका प्रमुख डा ग्रिष्म न्यौपानेले जानकारी दिनुभयो। "पशुमा महामारीजन्य रोगको सङ्क्रमण नियन्त्रण गर्न समयमै खोप लगाउनु महत्वपूर्ण हुन्छ। नियमित खोप कार्यक्रमले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## औषधि पसलबाट लागुऔषध कारोबार, सञ्चालिका पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

पोखरामा औषधि पसलका आवरणमा प्रतिबन्धित लागुऔषको कारोबार हुने गरेको फेला परेको छ। औषधि बिक्री गर्ने पसलबाट ठूलो परिमाणमा लागुऔषध बरामद भएपछि अवैध कारोबार पुष्टि भएको हो।

पोखरा महानगरपालिका-२६ कालिकाचोकस्थित जलधारे औषधि पसलका सञ्चालक २९ वर्षीया अमिसा दुङ्गानालाई प्रहरीले लागुऔषधका चक्की सहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी समेत रहनु भएका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार बुधबार लागुऔषध ओसार पसार भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय शिशुवाबाट खटिएको प्रहरी टोलीले औषधि पसलमा जाँच गरेको थियो। सो क्रममा विभिन्न चार प्रकारका लागू औषध सञ्चालिकाको साथबाट बरामद गरिएको थियो।

प्रहरीका अनुसार औषधि पसल सञ्चालिका दुङ्गानाका साथबाट कोडिप-पी (कोडिन) छ हजार ४०० चक्की, प्रेगाबालिन ४५० चक्की, लोराजेपाम १५० चक्की र क्लोर्डियाजेपोक्साइड १६० चक्की बरामद गरिएको छ। "लागुऔषधको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा फार्मेसीमा छापा मारेका थियौं। सोही क्रममा ठूलो परिमाणको लागुऔषध फेला पर्यो। औषधि बिक्री तथा वितरणका लागि सञ्चालनमा रहेका फार्मेसीबाटै लागुऔषधजन्य औषधि ठूलो परिमाणमा बरामद हुनु औषधिको बिक्री, वितरण र प्रयोगको नियमन तथा अनुगमन प्रभावकारी हुनुपर्ने आवश्यकतालाई उजागर गरेको छ।" प्रनाउ पासवानले भन्नुभयो। पक्राउ परेकी औषधि पसलका सञ्चालिका माथि लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ। पोखरामा यसअघि पनि विभिन्न समयमा फार्मेसीबाटनै लागुऔषधको कारोबार हुने गरेको फेला परेको थियो। प्रहरीले त्यस्ता औषधि पसल सञ्चालकलाई नियन्त्रणमा लिएर कानुनी कारवाही अघि बढाउने गरेको थियो।

## पोखरामा पर्यटकीय चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

दसैँबिदाका कारण केही दिनयता पर्यटकीय राजधानी पोखरामा पर्यटकको आगमन बढेको छ। यतिबेला मुख्य पर्यटकीय याम पनि चलिरहेकाले पोखरामा पर्यटकको चहलपहल बढेको हो।

आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेपछि पोखराका होटलको 'अकुपेन्सी' ७५ प्रतिशतसम्म पुगेको होटल सङ्घ पोखराका अध्यक्ष अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

"दसैंको भोलिपल्टदेखि नै पोखरामा पर्यटकको चहलपहल सुरू भएको छ, लामो बिदा परेकाले पर्यटक आगमन बढेको हो", उहाँले भन्नुभयो, "पोखरा र आसपासका गन्तव्यस्थल



घुम्नका लागि अहिलेको मौसम पनि अनुकूल छ।"

अन्नपूर्ण क्षेत्रको पदयात्रामा जाने विदेशी पर्यटकले पनि केही दिन पोखरामा बिताउने हुँदा यस याममा विशेषगरी लेकसाइड क्षेत्रमा पर्यटकको आवतजावत बढी देखिन्छ। असोज र कात्तिकको समयलाई पदयात्राका लागि उपयुक्त मानिन्छ। पोखरा आउने विदेशी पर्यटकमध्ये करिब ४० प्रतिशत अन्नपूर्ण क्षेत्रको पदयात्रामा जाने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो। उहाँले दसैं बिदालगत्तै पदयात्रामा जाने आन्तरिक पर्यटकको सङ्ख्या बढेको बताउनुभयो। "पदयात्राका लागि यो याम उत्तम मानिन्छ, दसैं बिदा पनि परेकाले यो बेला धेरैले घुमफिरको योजना बनाइरहेका हुन्छन्", उहाँले भन्नुभयो।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थल पर्छन्। कास्कीसहित पाँच जिल्लामा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र पर्यटकको रोजाइमा पर्दै आएको छ।

अन्नपूर्ण क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्ने अधिकांश पर्यटक पोखरा हुँदै जाने गरेका छन्। यो याममा पोखरालाई मात्र गन्तव्य बनाएर घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या पनि उल्लेख हुने गर्छ।

## फापरखेत पहिरो र सिङ्गा-तातोपानी कुण्ड संरक्षणमा मन्त्री पुनको चासो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ कार्तिक

विज्ञान, प्रविधि तथा नवप्रर्वतन मन्त्री महावीर पुनले म्याग्दीको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरबाङ सडकको मुख्य चुनौती बनेको फापरखेत पहिरोको समस्या समाधानमा चासो देखाउनुभएको छ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य रहनुभएका मन्त्री पुनले शनिबार बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने फापरखेतको पहिरोका साथै गत महिना म्याग्दी नदीमा आएको बाढीले क्षति पुर्याएको प्राकृतिक उपचारस्थल सिङ्गा-तातोपानी कुण्डको निरीक्षण गरी स्थानीयसँग छलफल गर्नुभएको छ। "फापरखेत पहिरो नियन्त्रणका लागि सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु चार करोड बजेट विनियोजन गरेको छ, केही दिनअघि पूर्वाधारमन्त्री सुनील लम्सालले पनि निरीक्षण गर्नुभएको



छ, वर्षाअघि नै फापरखेत पहिरोमा जोखिम मोलेर आवतजावत गर्नुपर्ने अवस्था हटाउँछौं", उहाँले भन्नुभयो, "सिङ्गा-तातोपानी कुण्डको पुनर्निर्माणका लागि लागत अनुमान गरेर बजेट माग गर्नुहोस्, सरकारले सहयोग गर्छ।" मन्त्री पुनले तातोपानी कुण्ड, पछिल्लो एक हप्तायता निरन्तर सुक्खा पहिरो खसेर मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई बेनीसँग जोड्ने बेनी-दरबाङ सडक अवरुद्ध बनाएको फापरखेतको पहिरो र गण्डकी प्रदेश सरकारले पहिरोको विकल्पमा पक्की पुल निर्माणका लागि प्रस्ताव गरेको ठाउँको निरीक्षण गर्नुभएको थियो। मन्त्री पुनलाई म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले पहिरोको समस्या र वैकल्पिक उपायका विषयमा जानकारी गराउनुभएको थियो। सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्का, श्रमदान अभियानबाट बाढी पन्छाएर कुण्डलाई अस्थायी रूपमा सञ्चालन गरिएको अवस्थाकाबारेमा जानकारी गराउँदै आवश्यक सहयोगको प्रस्ताव गर्नुभएको थियो।

विसं २०५८ मा मार्ग खोल्नुअघिदेखिकै फापरखेत पहिरोको दीर्घकालीन समाधानका लागि प्रदेश सरकारले पक्की पुल बनाउने प्रक्रिया अघि बढाएको र पक्की पुल नबन्दासम्म सङ्घीय सरकारले बेलिब्रिजको व्यवस्था गर्नुपर्ने केही दिनअघि जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा मन्त्री पुनलाई म्याग्दी १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले प्रस्ताव गर्नुभएको थियो। सङ्घीयता कार्यान्वयन अघि तत्कालीन जिल्ला विकास समितिले करोडौं खर्च गरेर फापरखेत पहिरो रोकथामको योजना सञ्चालन गरे पनि प्रभावकारी हुन सकेको थिएन। पछिल्लो पटक गण्डकी प्रदेश सरकारले बजेट व्यवस्था गरेर पहिरो पन्छाइ अस्थायी रूपमा सडक सञ्चालन गर्ने व्यवस्था मिलाए पनि दीर्घकालीन समाधानका लागि पक्की पुल बनाउने योजना अघि सारेको छ।




# घोडेपानी–पुनहिल पर्यटकको रोजाइमा

**रासस**
म्याग्दी, ८ कार्तिक



पूर्वी क्षितिजमा लाली चढ्दै गर्दा पुनहिलको टाकुरा पर्यटकले भरिन थाल्छ । कोही क्यामेरा तेर्स्याउँछन्, कोही मोबाइलमा दृश्य कैद गर्न व्यस्त हुन्छन् । चराहरूको चिरबिरसँगै विस्तारै खुल्दै जान्छन् हिमाल । सूर्यको पहिलो किरण हिउँचुचुरामा पर्दा सेता हिमशृखला सुनौलो रङमा चम्किन्छन् । प्रकृतिको यही अनुपम दृश्यले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ ।

मनसुन सकिएपछि खुलेको नीलो आकाश, लहरै देखिने हिमाल र चिसो मौसमसँगै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिलमा पर्यटकको चहलपहल बढेको छ। दसैँतिहारको बिदा मनाउन र प्रकृतिसँग रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा यो गन्तव्य पर्न थालेको हो । दसैँअघि सुनसान बनेको घोडेपानी पुनहिलमा पछिल्ला दिनमा पाहुनाको आगमन बढ्न थालेको घोडेपानीका होटल व्यवसायीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताउनुभयो । “विपद्का कारण असोज महिनामा सुनसान भएको थियो”, उहाँले भन्नुभयो, “कात्तिक महिनाको सुरुआतसँगै दैनिक २०० जना विदेशी र ५० जनाको हाराहारीमा नेपाली पर्यटक आएका छन् ।” पोखराबाट घुम्न आएका सन्तोष बरालले घोडेपानी-पुनहिलको प्राकृतिक सौन्दर्यले मोहित बनाएको बताउनुभयो । सहरको व्यस्त दैनिकीबाट केही समय टाढा रहेर हिमाल, वनजङ्गल र शान्त वातावरणमा रमाउन पाएको उहाँले बताउनुभयो। चाडपर्वको बिदालाई घुमफिर र नयाँ अनुभवका लागि उपयोग गर्ने चलन बढेको छ।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल घोडेपानीको प्रमुख आकर्षण हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, मानापाथी, माछापुच्छ्रे, मनास्लु र बराह शिखरलगायत १५ भन्दा बढी हिमाली टाकुराको अवलोकन गर्न सकिन्छ । मौसम खुलेका बेला टाढाटाढासम्म फैलिएका हिमशृ्ङ्खला आँखैअघि उभिएझैँ देखिने स्थानीय व्यवसायी सुरेश पुनले बताउनुभयो । सूर्योदयसँगै सूर्यास्त र हिमाली दृश्यावलोकनका लागि पनि पर्यटक यहाँ पुग्ने गर्छन् । बिहान पुनहिलमा सूर्योदय हेरेपछि पर्यटक घोडेपानी फर्केर आसपासका वनजङ्गल, गाउँबस्ती र प्राकृतिक सम्पदाको अवलोकन गर्छन् । शान्त वातावरण र हरियालीले यात्राको थकान बिर्साउन सहयोग गर्ने पोखराकी रोजी श्रेष्ठले बताउनुभयो । “बिहान हिमालमा उदाउने सूर्य, दिनभरि देखिने हिमशृ्ङ्खला र प्रकृतिको शान्त वातावरणले लोभ्यायो”, उहाँले भन्नुभयो, “प्रकृतिप्रेमीहरूका लागि घोडेपानी-पुनहिललाई चाडपर्वको बिदा मनाउने र छोटो पदयात्रा गर्ने पर्यटकको लागि उपयुक्त छ ।”

घोडेपानीका होटल व्यवसायी टेकसर बुद्धुजा पुनका अनुसार पर्यटकको आगमन बढेसँगै होटल व्यवसायी व्यस्त भएका छन् । घोडेपानीमा दैनिक एक हजार जना बास बस्न सक्ने २५ वटा सुविधायुक्त होटलहरू छन् । चाडपर्वको बिदा र अनुकूल मौसमका कारण आगामी दिनमा पर्यटक अझै बढ्ने अपेक्षा गरिएको होटल व्यवसायी पुनले बताउनुभयो ।

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोडेपानी-पुनहिल छोटो अवधिको पदयात्राका लागि पनि लोकप्रिय छ । पोखराबाट कास्कीको नयाँपुल हुँदै उल्लेरीको बाटो पदयात्रा गरेर यहाँ पुग्न सकिन्छ । म्याग्दीको पोखरेबगर, घार र शिख हुँदै सडकमार्गबाट पनि घोडेपानी पुग्न सकिन्छ । घोडेपानीबाट करिब आधा घण्टाको पैदल यात्रापछि पुनहिल पुगिन्छ ।

पर्यटक पथप्रदर्शक सुन्दर बन्जाराका अनुसार यहाँको मुख्य आकर्षण हिमाली दृश्य र सूर्योदय हो । अनुकूल मौसममा एकै स्थानबाट धेरै हिमालको अवलोकन गर्न पाइने भएकाले पर्यटक घोडेपानी-पुनहिलप्रति आकर्षित हुने गरेका छन् ।

घोडेपानी र पुनहिलको पर्यटन इतिहास पनि रोचक छ । कुनै समय स्थानीय किसानको चरन क्षेत्र रहेको लुड्टुङ डाँडा अहिले पुनहिलका नामले विश्व पर्यटन बजारमा परिचित छ । भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले यस डाँडाको नामकरण गरी पर्यटन विकासको जग बसालेको स्थानीय व्यवसायी बताउँछन् । उहाँको स्मृतिमा पुनहिलमा दृश्यावलोकनस्थलसमेत निर्माण गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा समेटिएपछि यस क्षेत्रको प्रचारप्रसारले अन्तरराष्ट्रियस्तरमा विस्तार पाएको हो । प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, जैविक विविधता र स्थानीय संस्कृति यहाँका थप आकर्षण हुन् । पछिल्लो समय विभिन्न क्षेत्रमा आएको बाढीपहिरोले नेपालको पर्यटन क्षेत्रमा असर पारेको भए पनि घोडेपानी-पुनहिल, घान्द्रुक र अन्नपूर्ण आधार शिविर क्षेत्रमा प्रत्यक्ष असर नपरेको पर्यटन व्यवसायीले बताएका छन् । विपद्बाट प्रभावित क्षेत्रका कारण समग्र नेपालको पर्यटन असुरक्षित रहेको सन्देश जान नदिन सुरक्षित गन्तव्यको वास्तविक अवस्था प्रचारप्रसार गर्नुपर्ने उनीहरूको भनाइ छ ।

# कास्कीमा ...

पशुमा रोग लाग्ने र फैलिने जोखिम घटाउनाका साथै पशुको स्वास्थ्य संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि र पशुबाट मानिसमा सर्न सक्ने जुनोटिक रोग नियन्त्रणमा पनि सहयोग पुगेको छ। पूर्ण खोप कार्यक्रमपछि विगतका तुलनामा खोरेत लगायतका महामारीजन्य रोग धेरै नै कम भएको छ,” कार्यालय प्रमुख डा न्यौपानेले भन्नुभयो।

कार्यालयका अनुसार गत आवमा खोरेत रोगविरुद्ध ८० हजार ६२६, पिपिआरविरुद्ध ८७ हजार ४७२, लम्पी स्किनविरुद्ध ३२ हजार ३२७, रेबिजविरुद्ध आठ हजार ४२९, क्लासिकल स्वाइन फिभरविरुद्ध दुई हजार ५३ र डिएचपिपिएल खोप एक हजार ४०० मात्रा लगाइएको थियो । पूर्ण खोप कार्यक्रमका लागि गत वर्ष रु एक करोड ५० लाख बजेट विनियोजन गरिएकामा रु एक करोड ३४ लाख ९२ हजार ७५० खर्च भएको थियो । खोप कार्यक्रम सञ्चालनका लागि जिल्लामा १७२ जना खोपकर्तालाई परिचालन गरिएको थियो । कार्यालय प्रमुख डा न्यौपानेले भन्नुभयो,“कार्यक्रमले पशुपालकलाई पशुमा रोग लागेपछि उपचार गर्ने अवस्थाबाट रोग लाग्न नदिन पूर्वतयारी गर्ने अभ्यासतर्फ प्रोत्साहित गरेको छ ।” पशुमा महामारीजन्य रोग फैलिँदा पशु मर्ने, उत्पादन घट्ने र पशुपालकले आर्थिक क्षति व्यहोर्नुपर्ने भएकाले नियमित खोप, रोगको निगरानी र समयमै उपचारलाई प्राथमिकता दिनुपर्ने हुन्छ। पशुबाट मानिसमा सर्न सक्ने रोगको जोखिम घटाउन पनि पशु स्वास्थ्यमा ध्यान दिन आवश्यक रहेको पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो ।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

## AUCTION NOTICE

1. The following items held by EoI, PPO Pokhara, will be offered for public auction on 29 Oct 2026 from 1100 hours onwards at the Generator Room, PPO Pokhara Complex:-
   1.1. 82.5 KVA Generator - One Set
   1.2. Aluminum Wire - As available at the site.
2. The auction will be conducted through increasing bids, and the items will be awarded to the highest eligible bidders, subject to the applicable terms and condition of the auction.
3. Interested auction participants may inspect the items during office hours, from 1000 hrs to 1600 hrs except Saturdays, Sunday and other gazette holidays.
4. NPR 20,000/- (Rupees Twenty Thousand only) security deposit in the form of a cheque in favour of the Embassy of India must be submitted prior to participating in the auction process.
5. The office reserves the right to accept or reject any or all bids without assigning any reason.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


# स्पेनबाट बाढी प्रभावितका लागि २२ लाख राहत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक



स्पेनको दोनोस्तीमा रहेका नेपालीहरूले भोटेकोशी बाढीपीडितका लागि २२ लाख रुपैयाँ राहत संकलन गरेका छन् ।

खेलकुदकर्मी तथा समाजसेवी अशोक लामा रुम्बाको नेतृत्वमा संकलित केही रकम बाढी प्रभावित क्षेत्रमा पुऱ्याएर आवश्यकताका आधारमा वितरण गरिने भएको छ । संकलित रकममध्ये पहिलो चरणमा आठ लाख चार हजार पाँच सय ५० रुपैयाँ राष्ट्रिय वाणिज्य बैंकमार्फत बाढी प्रभावीत प्रधानमन्त्री राहत कोषमा पठाइएको र बाँकी करिब १४ लाख रुपैयाँ टोलीले प्रभावित क्षेत्रमा पुगेर स्थानीय सङ्घसंस्थासँगको समन्वयमा वितरण गर्ने रुम्बाले जानकारी दिनुभयो । लायन्स क्लब अफ लेकसाइड पोखराको समन्वयमा राहत वितरणको तयारी भइरहेको पोखराका पर्यटन व्यवसायी श्रीकृष्ण श्रेष्ठले बताउनुभयो ।

यसबाट प्रभावित परिवारको वास्तविक आवश्यकता पहिचान गरी सहयोग गर्न सहज हुने अपेक्षा गरिएको छ । राहत अभियानमा स्पेनको रेन्तेरिया नगरपालिकासहित दोनोस्तीमा रहेका नेपाली तथा अन्य शुभचिन्तकले सहयोग गरेका छन् ।

रुम्बाले सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभएको छ । कराँतेका अन्तराष्ट्रिय खेलाडी तथा प्रशिक्षक एवं रेफ्रि रुम्बाले नेपालमा परेको दुःखमा आफुहरु सात समुद्र पारी भए पनि नेपालीको दुःखमा आफुहरुले सानो मलम मट्टिट लगाउने प्रयास गरेको बताउनु भयो ।

यसैबीच, नेपाली समाज दोनोस्तीले बडादशैंका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ । रुम्बाको नेतृत्वमा आयोजित कार्यक्रममा स्पेनमा रहेका नेपालीहरू भेला भएर दशैंको शुभकामना साटासाट गरेका थिए ।

कार्यक्रममा सहभागीहरूले नेपाली भेषभूषा लगाउनुका साथै विभिन्न परिकारको स्वाद लिएका थिए । समाजले नेपाली संस्कृति, परम्परा र आपसी सद्भाव कायम राख्न हरेक वर्ष विभिन्न चाडपर्व मनाउँदै आएको जनाएको छ । समाजले प्रवासमा रहेका नेपालीबीच एकता, सांस्कृतिक निरन्तरता र मातृभूमिप्रतिको आत्मीयता बलियो बनाउन राहत तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्दै आएको छ ।

# कोरियाली कलाकार किमद्वारा बाढीपीडितलाई ५ हजार किलो चामल सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक




गत भदौ १० गते भोटेकोशी नदीमा आएको अकल्पनीय बाढीबाट आहत बनेका रसुवाको उत्तरगया गाउँपालिकाका बाढीपीडितका लागि दक्षिण कोरियाली कलाकार तथा लेखक कु ह्युन किमले ५ हजार किलो चामल सहयोग गरेका छन् ।

८० वर्षीय कोरियाली नागरिक किमले कोरियास्थित बुद्धिस्ट एकेडेमी, बुद्धिस्ट रिभ्यु र छेओड्याङ ट्राभल स्कुलका २६ जना सदस्यहरूसँग मिलेर रु ५ लाख रकम जुटाई नेपाल आएर उक्त सहयोग उपलब्ध गराएका हुन् । परिचय एड्भरटाइजिङको संयोजन र उत्तरगया गाउँपालिकाको सहजीकरणमा २५ किलो दरका २०० बोरा उच्च गुणस्तरको चामल रसुवाको उत्तरगयाका बाढीपीडितसमक्ष पऱ्याइनेछ ।

‘हाम्रा पुर्खालाई ७५ वर्षअघि कोरियाली युद्धको कठिन समयमा नेपालले दिएको चामल सहयोगको गुन अझै सम्झनामा छ । साथीहरूले कफी खाने खर्च बचाएर जुटाएको यो सहयोग नेपालप्रतिको कृतज्ञता हो ।’ विगत ११ वर्षदेखि भिजिट भिसामा नेपाल आउजाउ गर्दै आएका किमले नेपाललाई आफ्नो दोस्रो घर मान्दै आएका छन् । बाढीको खबर पाएलगत्तै आफू अघिल्लो वर्ष रसुवा हुँदै कैलाश मानसरोवर पुगेको क्षण सम्झिएर सहयोग जुटाउन सक्रिय भएको उनले बताए । उत्तरगया गाउँपालिकाका अध्यक्ष माधव अर्यालले ८० वर्षको उमेरमा पनि कोरियाबाट नेपाल आएर बाढीपीडितको सेवामा समय खर्चिने कलाकार किम र उनको टिमप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गरे । राहत अपुग भएको उत्तरगया गाउँपालिकाका पीडितसमक्ष यो सहयोग प्राप्त हुँदा खुशी लागेको बताए। किमले बाढीपीडित नागरिकलाई कठिन समयमा सहयोग गर्न पाउँदा उत्तरगयाका अध्यक्ष माधव अर्यालप्रति आभारी रहेको बताए। परिचय एड्भरटाइजिङका प्रबन्ध निर्देशक सोभित बस्यालले यस्ता मनकारी व्यक्तित्वको सहयोगी भावनाको कदर गर्दै लक्षित वर्गसम्म राहत पुऱ्याउन समन्वय गर्नु संस्थाको सामाजिक दायित्व भएको बताए । सन् १९५० देखि १९५३ सम्म चलेको कोरियाली युद्धका क्रममा खाद्यान्न संकट झेलेको कोरियालाई नेपालले मानवीय नाताले चामल पठाएको कथा बाल्यकालमै सुनेका किमका लागि यो सहयोग साढे सात दशक पुरानो भावनात्मक ऋण र कृतज्ञताको सजीव प्रतिविम्ब बनेको छ।

# आउँदो माघ ५ देखि आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ कार्तिक

नेपाली फुटबलको प्रतिष्ठित प्रतियोगिता आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको २६औं संस्करण आगामी माघ ५ गतेदेखि पोखरामा सञ्चालन हुने भएको छ ।

सहारा क्लब पोखराको आयोजनामा हुने प्रतियोगिता माघ १६ गतेसम्म सञ्चालन हुने क्लबका अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो । ‘खेलकुदको विकासमा सहकार्य गरौँ, पोखरालाई खेलकुद पर्यटन सहरका रूपमा स्थापित गरौँ’ भन्ने उद्घोषका साथ आयोजना हुँदै आएको प्रतियोगिताले पोखराको फुटबल विकास, खेलकुद प्रवर्द्धन तथा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नेपाली फुटबलको पहिचान अभिवृद्धिमा योगदान पुऱ्याउँदै आएको अध्यक्ष थापाले बताउनुभयो ।

हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा सञ्चालन हुने प्रतियोगितामा पोखरा महानगरपालिकाको संरक्षकत्व रहनेछ । प्रतियोगिता सम्पन्न गर्न राष्ट्रिय खेलकुद परिषद्, गण्डकी प्रदेश खेलकुद परिषद्, अखिल नेपाल फुटबल संघ, नेपाल पर्यटन बोर्ड, कास्की जिल्ला खेलकुद विकास समिति, कास्की जिल्ला फुटबल संघ लगायत विभिन्न संघसंस्था तथा सहयोगीको साथ रहने क्लबले जनाएको छ । त्यसैगरी लुम्बिनी विकास बैंक, नमस्ते एजुकेसन कन्सल्टेन्सी, बुद्ध एयर, सहारा क्लबका बेलायत, सहारा क्लव हङकङ तथा सहारा क्लव अस्ट्रेलिया शाखा, समाजसेवी, लोकदोहोरी गायक तथा कानुन व्यवसायी देव गुरुङ (हङकङ) र क्लबका मानार्थ सदस्य खेमबहादुर गुरुङ लगायतको सहयोग रहँदै आएको छ ।

प्रतियोगिताले प्रतिभाशाली खेलाडीलाई आफ्नो खेलकौशल प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै पोखरालाई खेलकुद पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउँदै आएको छ। प्रतियोगिता मार्फत पोखराको पर्यटन प्रवर्द्धन र स्थानीय आर्थिक गतिविधिमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# अर्थमन्त्रीको अभिव्यक्ति भारतको दलाली

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ दिल्लीमा 'भारतविरोधी भावनासँग जोडिएको राष्ट्रवादको युग सकिएको छ' भन्ने अभिव्यक्ति दिएपछि विवाद उत्पन्न भएको छ । कूटनीतिज्ञ र परराष्ट्र मामिलाका जानकारहरूले वाग्लेको अभिव्यक्ति राष्ट्रहित विपरीत र भारतीय सत्ताको दलाली भएको टिप्पणी गरेका छन् । वाग्लेको अभिव्यक्तिको आलोचना गर्दै यसले राष्ट्रियताको आधार र नेपालको परराष्ट्र नीतिमाथि प्रश्न उठाएको छ । अर्थमन्त्री तथा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति वाग्लेको अभिव्यक्तिले राजनीतिक र कूटनीतिक क्षेत्रमा बहस चर्काउनुका साथै राष्ट्रियतावादको आधार केलाई माने भनेर प्रश्नसमेत उठाएको छ । मन्त्री वाग्लेले शुक्रबार दिल्लीमा आयोजित 'एनडीटीभी वर्ल्ड समिट २०२६' कार्यक्रममा बोल्दै कुनै समय नेपाली राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने गरिए पनि अहिले त्यो युग सकिएको अभिव्यक्ति दिएका थिए । 'भारत र नेपालबिचको सम्बन्ध निकै गहिरो छ । कहिलेकाहीँ समस्या पनि आउँछन् । हामी एकअर्कासँग दृढ रूपमा जोडिएका छौं,' डा. वाग्लेले भनेका थिए, 'नेपाल र भारतबिचको जस्तो सम्बन्ध विश्वका अन्य कुनै पनि देशसँग नेपालको छैन । कुनै समय राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने गरिन्थ्यो, तर अहिले त्यो युग सकिएको छ ।' मन्त्री वाग्लेको यही अभिव्यक्ति विवादमा परेको छ । कूटनीति र परराष्ट्र मामिलाका जानकारहरूले वाग्लेको उक्त अभिव्यक्ति राष्ट्रहित विपरीत हुनका साथै भारतीय सत्ताको दलाली भएको टिप्पणीसमेत गरेका छन् ।सत्तामा जान र सत्तामा टिकिरहन जे अभिव्यक्ति दिए त्यो स्वाभिमानी नेपालीको लागि स्वीकार्य हुन सक्दैन ।

नेपालको दक्षिणी सीमामा भारतले संरचना निर्माण गर्दा वर्षायामको बाढीको पानी दक्षिणतर्फ सहजै बग्न नपाउँदा नेपाली भूभाग डुबानमा पऱ्यो भन्नु भारतको विरोध होइन । हाम्रा कृषिजन्य उत्पादनहरू-अलैंची, चिया, जुटलगायतका वस्तुहरू द्विपक्षीय सहमतिअनुसार विनाअवरोध भारतीय बजारमा निकासी हुन पाउनुपर्छ भन्नु हाम्रो राष्ट्रिय हितको पक्षमा बोल्नु हो कि भारतको विरोध होइन। नेपाल र भारतबिच भएको विद्युत् व्यापारसम्बन्धी सहमतिअनुसार भारतले नेपालमा उत्पादित बिजुली निर्वाध रूपमा खरिद गर्ने वातावरण बनाउनुपर्छ भन्नु र भारतले आफूले रोजेको लगानीकर्ताबाट उत्पादित बिजुलीमात्र खरिद गर्छु भन्ने अडान सम्झौताअनुरूप छैन भन्न पाइन्छ नेपालसँग विगतमा गरिएका कतिपय सन्धि-सम्झौताहरू असमान छन् र कतिपय सान्दर्भिक पनि रहेनन् । तिनको पुनरवलोकन गरी पारस्परिक समानताका आधारमा आजको समयअनुकूल अद्यावधिक गरौं भन्नु नेपालको राष्ट्रिय हितमा बोल्नु हो । अरूको विरोध होइन । सन् १८१६ को सुगौली सन्धिअनुसार नेपालको भूभाग नेपालकै हो भन्नु आफ्नो ऐतिहासिक भूभागमाथिको दाबी प्रस्तुत गर्नु हो। भारतविरोधी होइन । यस्ता विषय देशको मन्त्रीले बोल्नु बिल्कुल गलत, खेदजनक छ ।

दोस्रो विश्वयुद्धपछि स्थापित अन्तर्राष्ट्रिय व्यवस्था, अन्तर्राष्ट्रिय कानुन, मूल्य, मान्यता र अभ्यासका आधारमा दुई स्वतन्त्र तथा सार्वभौम मुलुकबिचको सम्बन्ध अगाडि बढाऔं र आफ्ना राष्ट्रिय मामिलामा निर्णय गर्ने अधिकार नेपाललाई नै हुनुपर्छ भन्नु कसैको विरोध गरेको ठहर्छ ? यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने नेपालको परराष्ट्र नीति पञ्चशीलका सिद्धान्त, असंलग्नता, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वजस्ता मान्यताबाट निर्देशित हुँदै आएको छ । नेपालको विदेश सम्बन्धको मूल भावना कुनै देशलाई शत्रुका रूपमा चित्रण गर्नु नभई पारस्परिक सम्मान, सहकार्य र मित्रताको आधारमा सम्बन्ध विस्तार गर्नु हो भन्ने सामान्य नागरिकले समेत बुझिसकेका छन् ।

त्यसैले अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्ति दिंदा नेपालको आधिकारिक परराष्ट्र नीति, राष्ट्रिय हित, सार्वभौम समानताको सिद्धान्त र कूटनीतिक मर्यादालाई गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्नेमा जानकारहरू एकमत छन् । उनीहरूका अनुसार कुनै पनि अभिव्यक्तिले नेपालको स्थापित कूटनीतिक मान्यता र व्यावहारिक अवस्थालाई गलत रूपमा प्रस्तुत गर्ने परिस्थिति सिर्जना भए त्यसको गम्भीर असर पर्न सक्छ । अन्तर्राष्ट्रिय राजनीतिमा नेतृत्वको मूल्याङ्कन उत्तेजक अभिव्यक्तिबाट नभई तथ्यमा आधारित दृष्टिकोण, जिम्मेवार कूटनीति र राष्ट्रिय हितको विवेकपूर्ण प्रतिनिधित्वबाट हुने कुरालाई अर्थमन्त्री वाग्लेले ख्याल नगरेको देखिएको छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दा अपरिपक्व तथा अव्यवस्थित नेतृत्वशैली नभई, परिपक्वता, सन्तुलन र कूटनीतिक जिम्मेवारी प्रदर्शन गर्नु नै बुद्धिमता ठहर्ने जानकारहरूको बुझाइ छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# यु-१९ एसिया कप: नेपालको प्रारम्भिक टोली घोषणा

रासस
काठमाडौं, ८ कार्तिक

आगामी यु-१९ एसिया कपलाई लक्षित गर्दै नेपालले प्रारम्भिक टोली घोषणा गरेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले शनिबार २८ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको हो ।

प्रतियोगिताको तयारीस्वरूप नेपाली युवा टोलीको बन्द प्रशिक्षण सोमबारदेखि पोखरामा सञ्चालन हुनेछ । प्रशिक्षणका क्रममा खेलाडीको प्रदर्शन र क्षमताका आधारमा अन्तिम टोली छनोट गरिने क्यानले जनाएको छ । नेपालको प्रारम्भिक टोलीमा नितेश पटेल, चन्दन राम, वंश क्षेत्री, निरज यादव, निश्चल क्षेत्री, आशिष लुहार, सुशील रावल, शुभम खनाल, अभय यादव, सचिन भट्ट, सूर्याशु कोइराला, परिमार्जन यादव, प्रसिद्ध जैसी र शिवांश बजगाई छन् । यस्तै, दर्श सोनार, विपिन शर्मा, सुगम बुढाथोकी, आशिक बैठा, जोय थापा, सोहेल कुँवर, रौनक श्रीवास्तव, रोहित चन्द, सौजन घिमिरे, क्रितिक कामत, भूपाल दङ्गाल, राहुल हक, दीपक सेमेला र रोशन शाहीले पनि प्रारम्भिक टोलीमा स्थान बनाएका छन् ।

# बाढी पहिरो प्रभावित स्थानमा विद्युत् आपूर्ति पूर्ववत्

पोखरापत्र संवाददाता
म्याग्दी, ८ कार्तिक

गत महिनाको बाढी पहिरोबाट प्रभावित बनेको म्याग्दी जिल्लाका सबै स्थानमा विद्युत् आपूर्ति पूर्ववत् भएको छ ।

नेपाल विद्युत् प्राधिकरणको बेनी र तातोपानी वितरण केन्द्रले बाढीपहिरोले क्षति पुगेका प्रसारण, शाखा लाइन लगायतका संरचना मर्मत गरेर विद्युत् आपूर्ति सूचारु गरेका हुन् ।

प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले सबैभन्दा बढी प्रभावित अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा शनिबार बत्ती बलेको जानकारी दिनुभयो । "धेरै ठाउँमा दुई/तीन दिनमै विद्युत् आपूर्ति गराएका थियौं । पाउद्वार, गिवाङ, किन्दु क्षेत्रमा चाडपर्वको समय पनि नभनी कर्मचारी र कमजदुरहरू दसैंको समयमा रातीसम्म परिचालन भयौं," उहाँले भन्नुभयो, "कतिपय ठाउँमा वैकल्पिक माध्यम र संरचनाबाट विद्युत् आपूर्ति गराएका छौं । दोस्रो चरणमा थप मर्मत गरी विद्युत् आपूर्तिलाई नियमित र व्यवस्थित बनाउने प्रयासमा छौं ।" म्याग्दी वितरण केन्द्र अन्तर्गतको मिलनचोक सबस्टेसनमार्फत पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारिबेनीकासहित २४ हजार ४९० ग्राहक छन् । तातोपानी वितरण केन्द्रअन्तर्गत अन्नपूर्ण गाउँपालिका-१, २, ३ र ४ नम्बर वडा सहित मुस्ताङमा विद्युत् आपूर्ति हुन्छ । बाढी पहिरोले प्राधिकरणको ३३/११ केभीको प्रसारण, वितरण लाइनका २५० वटा पोल र त्यहाँ तानिएका तार क्षति गरेको थियो ।

कुल रु एक करोड ५० लाख क्षति पुगेको प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख गामीले जानकारी दिनुभयो । अन्नपूर्ण गाउँपालिकाको राम्चे र हिस्तानमा पर्वतको जलजला गाउँपालिका-५ लेकफाँट तर्फबाट विद्युत् आपूर्ति गरिएको छ । यस क्षेत्रमा यसअघि महभिरतर्फबाट विद्युत् आपूर्ति हुने गरेको थियो ।

पाउद्वारमा हेलिकप्टरबाट ढुवानी गरिएको ट्रान्सफर्मरले काम नगरेपछि घार गाउँबाट विद्युत् आपूर्ति गराइएको बेनी वितरण केन्द्रका प्रमुख गामीले बताउनुभयो । विद्युत् आपूर्ति हुन थालेपछि ग्रामीण क्षेत्रको जनजीवन सहज हुन थालेको छ ।

# तेक्वान्दो खेलाडी वैभवीले थाइल्यान्डमा जितिन् दुई रजत

रासस
काठमाडौं, ८ कार्तिक

तेक्वान्दो खेलाडी वैभवी सापकोटाले थाइल्यान्डमा भएको १४औं रोयल प्रिन्सेस कप अन्तरराष्ट्रिय तेक्वान्दो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै दुई रजत पदक जितेकी छिन् ।

बैङककस्थित माहिडोल विश्वविद्यालयको हातामा रहेको स्पोर्ट्स हलमा भएको उक्त प्रतियोगितामा वैभवीले पुम्से विधा र क्योरुगी विधा दुवैमा दोस्रो हुँदै रजत पदक जितेकी हुन् ।

उक्त प्रतियोगितामा थाइल्यान्ड, फिलिपिन्स, म्यान्मा, भियतनाम, चीन, भारत, हङकङ, लाओस, कम्बोडिया, टर्की, ब्राजिल, अमेरिका, रसिया, इन्डोनेसिया, सिङ्गापुर, काजकिस्तानलगायत देशका खेलाडीको सहभागिता रहेको थियो ।

वैभवी असोज दोस्रो सातादेखि बैङ्ककमा रहेर तेक्वान्दोको प्रशिक्षण लिइरहेकी छिन् । वैभवीलाई बैङ्ककस्थित अल स्टार तेक्वान्दो एकेडमीले अनुबन्ध गरेसँगै उनले यसै एकेडेमीबाट उक्त प्रतियोगितामा सहभागिता जनाएकी हुन् । वैभवीलाई हाले मात्र तेक्वान्दो एसोसिएसन अफ थाइल्यान्डले सदस्यता पनि प्रदान गरेको छ ।



रानीपौवा बसपार्कमा पर्यटकले पार्किङ गरेको सवारी साधनहरुः दसैंपछि मुस्ताङमा पर्यटकीय आवागमन वृद्धि भएसँगै वारागुङ मुक्तिक्षेत्र रानीपौवा बसपार्कमा राखिएको पर्यटकहरुको सवारी साधन । तस्बिरः सुन्दरकुमार थकाली/रासस

# म्याग्दीका पशुगोठ बेँसी झर्न थाले

रासस
म्याग्दी, ८ कार्तिक

म्याग्दीका पशुगोठ लेकाली क्षेत्रको बुकीबाट बेँसी झर्न थालेका छन् । शरदयामको सुरुआतसँगै चिसो बढ्न थालेपछि बर्खायाममा हिमालको फेदीमा पुगेका गाईभैंसी, भेँडाबाख्राका गोठ गाउँ नजिककै खर्कमा झर्न थालेका हुन् ।

पशुका लागि पोषिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईवस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । धौलागिरि गाउँपालिका-१ गुर्जाका हर्कवीर विकले फागुनेको बुकीमा तीन महिना घाँस खुवाएपछि गाउँ नजिकै गोठ ल्याएको बताउनुभयो । विदेशबाट फर्किए ३५ वटा भैंसी पालेका उहाँका अनुसार हाल मकै भित्र्याएको बारीमा राखिएको गोठ कोदो भित्र्याएपछि मङ्सिरमा बेँसीको फाँटमा झार्ने चलन छ । पोषिलो घाँस खाएर मोटाएका गाईभैंसी, गोरु र भेँडाबाख्राको बथानलाई अघि लगाउँदै गोठाला बन्दोबस्तीका सामान बोकेर लेकबेँसी गर्छन् । गाउँ झरेका गोठाला र गाईवस्तुको चहलपहल बढेको गुर्जाका राजिन छन्त्यालले बताउनुभयो ।

पशुचौपायाले गाउँ नजिकैको पाखाबारी भरिएका छन् । ती पाखामा असङ्ख्य गाईगोरु, बाच्छाबाच्छी, भैंसी र भेँडाबाख्रा चरनमा रमाइरहेका देखिन्छन् । महिनौं पुगे खर्चवर्च बोकेर गएका गोठाला गाउँ झरेपछि मात्रै परिवारसँग भेट हुन्छ । हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ, बलिया र दुधालु हुने धौलागिरि-५ मल्कवाङका हिमबहादुर छन्त्यालले बताउनुभयो । खर्कमा रहेका डुक्राको पर्खालमा काठ र निगाला तेर्साएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र धौलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ । धौलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पात्लेखर्क, मङ्गलेखानी,चिमखोला,दग्नाम,ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन् । बेँसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ। युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको धौलागिरि गाउँपालिका-४ का कीर्तेबहादुर घर्तीले बताउनुभयो ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८३/७/९)

**गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, लो-घेकर दामोदरकुण्ड गाउँपालिका, वडा नं. २ मा १७ कोठामा ४० शैया क्षमतामा संचालनमा रहेको घामी जोङ्ग होटलको जग्गा थप तथा पूँजी क्षमतावृद्धिको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा वातावरण संरक्षण नियमावली, २०७७ नियम ६ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम प्रस्तावित आयोजना स्थलमा मिति २०८३/७/१५ गते आइतबारको दिन बिहान १०:०० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गहिरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।**

आयोजक
घामी जोङ्ग प्रा.लि.
गण्डकी प्रदेश, मुस्ताङ जिल्ला
लो-घेकर दामोदरकुण्ड गाउँपालिका वडा नं २
फोन नं.: ९८४१२०४८७३



## श्री सैनिक आवासीय महाविद्यालय
## फूलबारी, पोखरा

## कार्यालय उपकरण खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०८३/०७/०९ गते)

१. यस महाविद्यालयको लागि आवश्यक कार्यालय उपकरण खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शिलबन्दी दरभाउपत्रको विवरण**

| सि. नं. | सूचना नं. | विवरण | पेश गर्नुपर्ने दरभाउपत्र जमानत | फाराम दस्तुर ने.रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMV/GOODS/PKR/083/84/2 | कार्यालय उपकरण | रु. ४०,०००/- | रु. १०००/- | २०८३/०७/१५ गते सैनिक आवासिय महाविद्यालय पोखरा कार्यालय समयभित्र | २०८३/०७/१६ गते १२:०० बजेसम्म | २०८३/०७/१६ गते १३:०० बजे फुलबारी, पोखरा |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ । थप जानकारीको लागि श्री सैनिक आवासीय महाविद्यालय, पोखरा फोन नं: ०६१-५७७७४६ ।
३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ ।
४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ ।
५. उल्लेख भएअनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन :
(क) बैंकको नामः हिमालयन बैंक लिमिटेड, पोखरा (ख) धरौटी खाता नं. ०१६०२४९५८३००२४
(ग) खाता संचालकको नामः सैनिक आवासीय महाविद्यालय, पोखरा ।
६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ ।

# मुस्ताङमा पर्यटकीय चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ कार्तिक



दसैँदेखि हिमाली मुस्ताङमा पर्यटकीय चहलपहल बढ्दै जान थालेको छ । दसैँ अघि सुनसान जस्तै बनेको मुस्ताङमा यही बिहीबारदेखि भने पर्यटकको आगमन संख्या वृद्धि हुन थालेको हो ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी र गत असोज ११ गतेको भारी वर्षाका कारण बाढी पहिरो र नदी कटानले मुस्ताङ जोड्ने (बेनी-जोमसोम) सडकमार्ग पूर्ण रूपमा अवरुद्ध हुँदा मुस्ताङमा पर्यटकको आगमन सङ्ख्या घटेको थियो । जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक एवं सूचना अधिकारी ईश्वर महतका अनुसार दसैँपछि बेनी-जोमसोम सडकमार्ग हुँदै पर्यटक मुस्ताङ आउने सङ्ख्या बढेको छ । यसवर्ष घटस्थापनादेखि विजया दशमीको दिनसम्म बेनी-जोमसोम सडकमार्गबाट पाँच हजार ६६३ जना पर्यटक मुस्ताङ भित्रिएका थिए । जसमध्ये पुरुष तीन हजार ७३८ र महिला एक हजार ९२५ जना रहेका थिए । प्रहरी निरीक्षक ईश्वर महतका अनुसार घटस्थापनादेखि विजया दशमीसम्मको १० दिनको अवधिमा उक्त सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिदा चार हजार ४०९ अर्थात् (७७ दशमलव ८५) प्रतिशत विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । प्राकृतिक विपद्का कारण बेनी-जोमसोम सडकमार्ग अवरुद्ध हुँदा मुस्ताङको पर्यटन पूर्ण रूपमा प्रभावित बनेकोमा दसैँपछि मुस्ताङमा पर्यटक आगमन सङ्ख्या वृद्धि भइरहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कमा उल्लेख छ । प्रहरी निरीक्षक महतका अनुसार दसैँपछि बिहीबार र शुक्रबार गरी दुई दिनमा सात हजार ८४६ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । दसैँ टिकापछिको पहिलो दिन बिहीबार तीन हजार ३३ जना र दोस्रो दिन शुक्रबार चार हजार ८१३ जना स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् । दसैँपछि मुस्ताङ भ्रमण गर्ने दैनिक औसत क्रमशः वृद्धि हुँदै जान थालेको प्रहरी निरक्षक महतको भनाइ छ । चालु वर्षको साउनमा तीस हजार ५३४ जना, भदौमा बीस हजार २६८ जना र असोज महिनामा अठार हजार ६०१ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । दसैँ-तिहार बिदामा मुस्ताङमा पर्यटन व्यवसाय चलायमान हुने अपेक्षा गरिएको छ । दसैँ बिदामा विदेशबाट स्वदेश फर्किएका र दसैँ बिदाको अवसर पारेर निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थालगायत देशका विभिन्न भागमा मुस्ताङ भ्रमण गर्न पर्यटक मुस्ताङ आउने गर्छन । यसपटक पनि दसैँ-तिहार र छठ पर्वसम्म स्वदेशी तथा विदेशी पर्यटकको उपस्थिति वृद्धि हुनेमा यहाँका पर्यटन व्यवसायी विश्वस्त रहेका छन् । धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङको मुक्तिनाथ मन्दिरको दर्शन गरी कोरलानाका, भोङ गुफा, लोमान्थाङ दरबार, घर गुम्बा, चोइसी गुफा, ढुम्बाताल, टिटी ताल लगायतका यहाँका दर्जनौं पर्यटक गन्तव्यहरू रहेका मुस्ताङमा पर्यटकको आकर्षण बढ्दो रहेको छ । यहाँका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, जैविक विविधिता, हिमाली भू-दृश्य र प्राकृतिक सौन्दर्यताले मुस्ताङमा पर्यटक उपस्थिति हुने गरेको छ । भोटेकोशी बाढी घटना र बेनी-जोमसोम अवरुद्धका कारण सुस्ताएको मुस्ताङको पर्यटन क्षेत्र चलायमान हुने अपेक्षा गरिएको छ ।

# बेनी-दरवाङ-मुना सडक : पुनर्निर्माण गर्न करिब नौ करोड लाग्ने

**रासस**
म्याग्दी, ८ कार्तिक



बाढीपहिरो र नदी कटानले क्षतविक्षत बनेको म्याग्दीको बेनी-दरवाङ-मुना सडक पुनर्निर्माण गर्न करिब रु सात करोड लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

पश्चिम म्याग्दीका मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने यस सडकका विभिन्न स्थानमा गत असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरो र म्याग्दी नदी कटानले ठूलो क्षति पुऱ्याएको हो । बेनीदेखि धौलागिरि गाउँपालिकाको केन्द्र मुनासम्मको सडकमा करिब २२ स्थानमा क्षति पुगेको पूर्वाधार विकास कार्यालय म्याग्दीले जनाएको छ । बाढीपहिरो र नदी कटानले सडकको सतह भासिनुका साथै ग्याबियन जाली, टेवा पर्खाल र कालोपत्र सडक बगाउँदा पूर्वाधारमा ठूलो क्षति पुगेको कार्यालयका इन्जिनियर मोहन रुवालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बेनीदेखि मङ्गला गाउँपालिका-२ पानाबगरसम्म १५ स्थानमा साना तथा ठूला पहिरो खसेर सडक संरचनामा क्षति पुगेको छ । नदी कटानका कारण दुई स्थानमा सडक भत्किएको छ । यस खण्डमा मात्रै सडक पूर्वाधारमा रु तीनदेखि चार करोड बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ । मालिका गाउँपालिका-६ स्थित बलौटेमा म्याग्दी नदी कटानले करिब १०० मिटर कालोपत्र सडक बगाएर क्षतविक्षत बनाएको छ । पानाबगरदेखि दरवाङसम्म चार स्थानमा पहिरो खसेर सडकमा क्षति पुगेको छ । त्यस्तै, दरवाङदेखि मुना खण्डको धारापानीमा करिब १५० मिटर ढलान गरिएको सडक भासिएको छभने थापाचौरमा पहिरोले सडक संरचनामा क्षति पुऱ्याएको छ ।

सडकमा क्षति पुगेपछि बेनीदेखि मुनासम्मको सीधा यातायात प्रभावित भएको छ । बलौटेदेखि तोलाबाङसम्मको सडकमा ठूलो क्षति पुगेपछि मङ्गला र मालिका गाउँपालिकाको सिमानामा रहेको दुखुखोला पुलदेखि दुखुबेँसी हुँदै तोलाबाङ जोड्ने वैकल्पिक सडकबाट यातायात सञ्चालन गरिएको छ । साँघुरो, कच्ची र उचित ग्रेड नमिलेको वैकल्पिक सडकमा ठूला सवारीसाधन आवतजावत गर्न समस्या हुने गरेको छ । पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजेश उलकले बलौटेमा करिब एक सय मिटर सडक नदी कटानले डिलदेखि कुनासम्मै भत्किएकाले तत्काल नियमित सडक सञ्चालन गर्न कठिन भएको बताउनुभयो ।

उहाँका अनुसार क्षतिग्रस्त सडकमा पैदलयात्रा गर्नसमेत जोखिम छ । सडकलाई पुनः सञ्चालनयोग्य बनाउन खोलाको किनारतर्फ पक्की पर्खाल निर्माण गरी सडक पुनर्निर्माण गर्नुपर्ने आवश्यकता छ । बेनी-पानाबगर खण्डको पुनर्निर्माणका लागि रु चार करोड ६२ लाख ५६ हजार २० र पानाबगर-दरवाङ खण्डको बालौटे खण्डमा पुनःनिर्माणका लागि रु दुई करोड २७ लाख ४३ हजार ५९९ लागत अनुमान गरिएको कार्यालय प्रमुख उलकले बताउनुभयो । बालौटेको सडक पुनर्निर्माणका लागि प्रदेश सरकारले रु २५ लाख स्रोत सुनिश्चित गरेको र दसैं लगत्तै काम सुरु गरिने उहाँले बताउनुभयो । म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले बस्तीलाई असर नपर्ने गरी सडक पुनर्निर्माण गर्ने र आगामी वर्षायामअघि नदी नियन्त्रणको काम गर्नुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य जुग्जालीले आवश्यक बजेट व्यवस्था गरेर क्षतिग्रस्त सडक एक वर्षभित्र पुनर्निर्माण गर्न पहल भइरहेको बताउनुभयो । अहिले पहिरो पन्छाएर बेनीदेखि दुखुखोला पुलसम्म र त्यहाँबाट वैकल्पिक सडक हुँदै तोलाबाङ, दरवाङ र मुनासम्म एकतर्फी रूपमा यातायात सञ्चालन गरिएको कार्यालयले जनाएको छ । फापरखेत पहिरोको कारण शनिबार यता पखेर-बरङ्जाङ-सातबिसे-बाबियाचौर वैकल्पिक सडक सञ्चालन गरिएको छ । बेनीदेखि दरवाङसम्म २४ किलोमिटर दूरी रहेको सडकको १६ किलोमिटर ४०० मिटर खण्ड कालोपत्र भएको छ । मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि मुनासम्मको १८ किलोमिटर मध्य धारापानी-फिनडाडा खण्डको छ किलोमिटरबाहेक बाँकी निर्माणाधीन छ । मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्पसमेत मानिने बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वी रुकुम जोड्ने सडक पश्चिम म्याग्दीका बासिन्दाका लागि महत्वपूर्ण मार्ग हो । धौलागिरि गाउँपालिकाको केन्द्र मुनाबाट खोरिया, मरेनी, जलजला र गुर्जाघाट हुँदै ढोरपाटन उपत्यका जोड्ने सडकको मार्ग गत पुसमा खुलेको थियो ।

# शिखका पहिरो प्रभावित भन्दछन्, 'आश्रयस्थलभन्दा खाली घरमा बस्न सहज भयो'

**सन्तोष गौतम**
म्याग्दी, ८ कार्तिक



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ किन्दु टोलकी भूमदेवी शेरपुञ्जा पुनले पहिरोका कारण घर छाड्नुपर्‍यो । केही दिन शिखको अस्थायी आश्रयस्थलमा बिताउनुभयो । अहिले उहाँ दिदी सुनमाया तिलिजाले उपलब्ध गराएको खाली घरमा बस्न थाल्नुभएको छ । सुनमायाको परिवार बसाइँ सरेपछि घर खाली थियो । विपद्ले घरबारविहीन बनेकी भूमदेवीको परिवारका लागि त्यही घर अहिले आश्रय बनेको छ । "करिब १५-२० दिन शिखको आश्रयस्थलमा बसेपछि घरसल्लाह गरेर दिदीको खाली घरमा बस्ने निर्णय लिएका हौँ," भूमदेवीले भन्नुभयो, "सरकारले पनि कति आश्रयस्थलमा राख्न सक्ला र भन्ने लाग्यो । आफ्नै घर नबनाउँदासम्मका लागि दिदीको खाली घरमा बस्न थालेका हौँ ।"

भूमदेवीको परिवारले आपत्का बेला आश्रय पाएको छ । सुनमायाको उपयोगविहीन घर पनि काममा आएको छ । भूमदेवीजस्तै किन्दु टोलका धेरैजसो विस्थापित परिवार आफन्तका खाली घरमा बस्न थालेका छन् । कतिपय शिख देउराली, शिख तल्लो र शिख उपल्लो गाउँमा व्यवस्थापन भएका छन् ।

**आश्रयस्थलबाट आफ्नै व्यवस्थापनतर्फ**

अन्नपूर्ण-५ का धोस्केखोर, किन्दु, झारवाङ र धिरवाङमा ४५ घर छन् । पोखरा, काठमाडौंलगायत सहरमा बसाइँ सरेका परिवारबाहेक ३५ घरपरिवार गाउँमै बसोबास गर्थे । गत असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षापछि यी बस्ती पहिरोले घेरिए । गाउँसँगको सम्पर्क विच्छेद भयो । जोखिममा परेका ९१ जनालाई हेलिकप्टरबाट उद्धार गरी शिख देउरालीस्थित कान्छीबाराही युवा क्लबको खेलमैदानमा ल्याइएको थियो । त्यहाँ उनीहरूका लागि अस्थायी आश्रयको व्यवस्था गरिएको थियो । पहिरोले नारायण शेरपुञ्जा पुन, रुकबहादुर पुर्जा, खेमबहादुर पाइजा, रेकबहादुर पुर्जा, तमबहादुर पुर्जा र जुगमान चोचाङ्गीका घर भत्काएको थियो । अन्य धेरै घर नभत्किए पनि चर्किएर बस्न नमिल्ने भएका छन् । आश्रयस्थलका टहरा र पालमा बस्दै आएका धेरैजसो परिवारले दसैँअघि नै आफ्नो बसोबासको व्यवस्था मिलाइसकेका छन् । टोल संयोजक दीपक तिलिजाका अनुसार विस्थापितहरू आफन्तका खाली घर र अन्य सुरक्षित स्थानमा सरेका छन् ।

शनिबार दिउँसो आश्रयस्थलमा भेटिनुभएका नारायण शेरपुञ्जा पुनले पनि विस्थापितहरू आफैँ आफ्नो व्यवस्थापन गर्न थालेको बताउनुभयो । तर उहाँको परिवार भने अझै अन्योलमा छ ।

**घर, गोठ र खेतीयोग्य जमिन पहिरोमा**

पहिरोले नारायणको घर, गोठ र खेतीयोग्य जमिन बगाएको छ । घरमा भएको अन्नपात र अन्य सामान निकाल्ने मौका पनि मिलेन । "२०-२१ मुरी आलु र दुई मुरी मकैसहित घरमा भएका सामान निकाल्न पाइनँ । सबै पहिरोले बगायो," उहाँले भन्नुभयो, "पहिरो जाने दिन गोठबाट फुकाएर जङ्गलमा पठाएको भैँसी बाटो नभएकाले अझै ल्याउन सकेको छैन ।"

उहाँकी श्रीमती पोखरामा रहेका छोराछोरीसँग जानुभएको छ । नारायण पनि कसैको खाली घरमा बसेर आफ्नै खेतबारीमा काम गर्ने सोचमा हुनुहुन्छ । तर, घर र जग्गा जमिन टाढा भएकाले निर्णय लिन सक्नुभएको छैन ।

त्यसैले उहाँ अझै आश्रयस्थलमै बसिरहनुभएको छ । उहाँको घर चार वर्षअघि पहिरोले भत्काएको थियो । घर पुनःनिर्माणबापत सरकारले दिने रु पाँच लाखमध्ये पूरै अनुदान नपाउँदै उहाँले बनाएको नयाँ घर पनि भत्किएको हो । वर्षा रोकिएपछि विस्थापितहरू दैनिक काममा फर्कन थालेका छन् । दिनभर गाउँमा पुगेर खेतबारी र घरायसी काम गर्छन् । कतिपयले घरका बाँकी सामान सुरक्षित ठाउँमा सारिरहेका छन् । साँझ खाना खान र सुत्नका लागि होलिडे सेन्टर फर्कने गरेका छन् ।

"दसैँअघि आश्रयस्थलमा धेरै जना हुनुहुन्थ्यो । अहिले सङ्ख्या घट्दै गएको छ," रेकबहादुर पुर्जाले भन्नुभयो, "विपद्का बेला सरकारको मुख ताकेर मात्र बस्दा दुःख पाइन्छ भन्ने लागेर सक्ने र सम्भव हुनेले आफैँ व्यवस्थापन गर्नुभएको छ ।"

अस्थायी बसोबासको व्यवस्था मिलाउँदैमा सबै समस्या समाधान भएका छैनन् । घर भत्किएर सामान निकाल्न नपाएकाहरूलाई खाद्यान्न, भाँडाकुँडा र लत्ताकपडाको अभाव छ । उनीहरूलाई राहत तथा सहयोगको आवश्यकता अझै छ । शिखका अगुवा गणेश गुरुङ (सुरेन)का अनुसार सरकारी निकाय र दाताको सहयोग जुटाएर प्रभावित परिवारको बसोबास सहज बनाउने प्रयास भइरहेको छ ।

**विद्युत् र खानेपानीसँगै पदमार्गको समस्या**

विपद्बाट सबैभन्दा बढी प्रभावित अन्नपूर्ण गाउँपालिका-५ मा पुनःस्थापनाको चुनौती कायमै छ । वडाअध्यक्ष राजेश तिलिजा पुनका अनुसार विद्युत्, खानेपानी र पदमार्ग तत्काल सुधार गर्नुपर्ने अवस्था छ । "सडक त अहिले धेरै टाढाको विषय भएको छ," उहाँले भन्नुभयो, "धेरै प्रयासपछि विद्युत् सेवा सञ्चालन हुन थालेको छ । श्रमदान गरेर पदमार्ग निर्माण गरिरहेका छौँ । खानेपानीको व्यवस्था मिलाउने प्रयासमा पनि जुटेका छौँ ।"

पहिरो प्रभावित बस्तीको भौगर्भिक अवस्था अध्ययन गर्न विज्ञ टोली आउन ढिलाइ हुँदा पुनःस्थापनासम्बन्धी निर्णय लिन कठिन भएको वडा अध्यक्ष तिलिजाले बताउनुभयो । कुन बस्तीमा बस्न सुरक्षित छ र कहाँबाट स्थानान्तरण गर्नुपर्छ भन्ने यकिन नहुँदा प्रभावित परिवार अन्योलमा छन् ।

**अन्य बस्तीका आश्रयस्थल पनि खाली हुँदै**

अन्नपूर्ण -५ को पाउद्वारबाट विस्थापित भएकाहरू बस्दै आएको घारस्थित वडा नम्बर ६ को अस्थायी आश्रयस्थल पनि यही कात्तिक १ गतेदेखि बन्द भएको छ । घारका वडाअध्यक्ष रामबहादुर खड्काका अनुसार विस्थापितहरूले आफ्ना सामान आश्रयस्थलमै राखेर आफन्तकहाँ र गाउँमा फर्किएका छन् । वर्षा भएमा पुनः आश्रयस्थलमा आउने गरी उनीहरू गएका हुन् । घारको आश्रयस्थलमा पाउद्वारका ११५ जनासम्मले आश्रय लिएका थिए । त्यस्तै, अन्नपूर्ण गाउँपालिका-८ महभिरबाट विस्थापित भएका ३० परिवार बस्दै आएको सिरुवारीको आश्रयस्थल पनि खाली भएको छ ।

वडाअध्यक्ष खमबहादुर गर्बुजाका अनुसार महभिरका प्रभावित परिवार खाली घर खोजेर आफैँ बसोबास मिलाउने प्रयासमा छन् । घर नपाएकाहरूका लागि व्यवस्थापनमा सहजीकरण भइरहेको छ । यस वर्षको मनसुनजन्य विपद्मा परी अन्नपूर्ण गाउँपालिकामा छ जनाको मृत्यु भएको छ । गाउँपालिकाका अनुसार ६० घर पूर्ण र १२९ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । विपद् पछि अस्थायी आश्रयस्थलमा सुरु भएको जीवन अब बिस्तारै आफ्नै व्यवस्थापनतर्फ अघि बढेको छ ।

आफन्तका खाली घर, गाउँका सुरक्षित बस्ती र उपलब्ध स्रोत नै विस्थापितका लागि तत्कालको सहारा बनेका छन् । तर घर गुमाएका परिवारको सुरक्षित पुनःस्थापना र आधारभूत सेवा पुनःस्थापित नहुँदासम्म उनीहरूको सङ्घर्ष भने जारी रहनेछ ।

# तनहुँमा तरकारी र धान खेतीको क्षेत्रफल विस्तार

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ कार्तिक



तनहुँमा व्यावसायिक तरकारी तथा धान खेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका तरकारी र धान जोनमार्फत खेतीको क्षेत्रफल बढ्नुका साथै हजारौं किसान लाभान्वित भएका छन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुङ्गानाका अनुसार तनहुँमा तरकारी जोन सुरु भएयता दुई सय १८ हेक्टर र धान जोन सुरु भएयता ८५ हेक्टर क्षेत्रफल वृद्धि भएको छ ।

तनहुँमा आर्थिक वर्ष २०७५/७६ देखि तरकारी जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा पाँच सय पाँच हेक्टर क्षेत्रफलमा सञ्चालन भएको तरकारी जोन अहिले विस्तार भएर सात सय २३ हेक्टर पुगेको छ । यस अवधिमा तरकारी खेतीको क्षेत्रफल दुई सय १८ हेक्टरले बढेको हो । त्यस्तै, आर्थिक वर्ष २०७९/८० देखि धान जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा पाँच सय हेक्टर क्षेत्रफलमा रहेको धान जोन अहिले विस्तार भएर पाँच सय ८५ हेक्टर पुगेको छ । धान खेतीको क्षेत्रफल पनि ८५ हेक्टरले वृद्धि भएको छ । तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्देश्यले सञ्चालन गरिएका यी कार्यक्रमले खेतीको क्षेत्रफल विस्तार गर्न सहयोग पुऱ्याएको ढुङ्गानाले बताउनुभयो । तनहुँको आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा तरकारी जोन कार्यक्रम सञ्चालन भइरहेको छ । यी क्षेत्रमा तरकारी उत्पादनलाई व्यवस्थित गर्दै व्यावसायिक खेतीको क्षेत्र विस्तार गर्ने उद्देश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । तरकारी जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि विकास अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो । यस जोनबाट हालसम्म एक हजार ९८९ जना लाभान्वित भएका छन् ।

किसान, सहकारी, समूह तथा कृषि उद्यमीलाई समेटेर कार्यक्रम सञ्चालन गर्दा उत्पादनलाई व्यावसायिक स्वरूप दिन र कृषि क्षेत्रमा आबद्ध जनशक्तिलाई सङ्गठित गर्न सहयोग पुगे अपेक्षा गरिएको छ । धान जोन कार्यक्रम तनहुँको व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ । धान उत्पादनको क्षेत्र विस्तार तथा खेतीलाई व्यावसायिक बनाउने उद्देश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । धान जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमबाट एक हजार ८३८ जना लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७९/८० मा पाँच सय हेक्टर क्षेत्रफलबाट सुरु भएको धान जोन अहिले पाँच सय ८५ हेक्टरमा विस्तार भएको छ । तरकारी र धान जोन कार्यक्रमबाट तनहुँमा कुल तीन हजार आठ सय २७ जना लाभान्वित भएका छन् । तीमध्ये तरकारी जोनबाट एक हजार एक सय ८९ र धान जोनबाट एक हजार आठ सय ३८ जना लाभान्वित भएका छन् । दुवै कार्यक्रममार्फत खेतीको क्षेत्रफल विस्तार हुनुका साथै सहकारी, कृषक समूह र कृषि उद्यमीको सहभागितामा कृषि गतिविधि सञ्चालन भइरहेको छ ।